नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## तेह्रथुम

मिति- २०७८।०५।३१

तेह्रथुम जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण तेह्रथुम जिल्लामा नियन्त्रण उन्मुख रहेकोले DCMC तेह्रथुमको मिति २०७८।०५।३१ गतेको सिफारिश तथा जिल्ला सुरक्षा समितिको मिति २०७८।०५।३१ गतेको निर्णय समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३), संक्रामक रोग ऐन, २०२० को दफा २ तथा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम मिति २०७८।०५।३१ गते राती १२:०० बजे देखि अर्को आदेश नभएसम्म जिल्लाभर लागू हुनेगरी निम्नानुसार आदेश जारी गरिएको छ ।

निम्न:

क. शैक्षिक संस्थाहरुले भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न सक्ने अवस्थाको ठोस मूल्याङ्कन गरी वालवालिकाहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको राय लिई स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना हुने अवस्थाको सुनिश्चितता गरी सम्बन्धित स्थानीय तहले समन्वय गरी कक्षा सञ्चालन गर्न निर्देशन दिन सक्ने ।

ख. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिड गर्ने, सभा जुलुस गर्ने, भोज भतेर गर्ने लगायतका कार्यहरु नगर्ने/नगराउने ।

ग. सार्वजनिक सवारी साधन सञ्चालन गर्दा तोकिएको स्वास्थ्य मापदण्डको पालना गरी सिट क्षमता बमोजिम मात्र यात्रु राखी सञ्चालन गर्ने ।

घ. यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरी न्यूनतम सहभागितामा मात्र मनाउने।

ङ. अत्यावश्यक सेवा बाहेकका पसल व्यवसाय, होटल/रेष्टुरेन्टहरु साँझ ६:०० बजेसम्म सञ्चालन गर्ने ।

च. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यावसायिक गतिविधिहरु संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र सञ्चालन गर्ने।

२०७८।०५।३१



फोन/फ्याक्स : ०२६-४६०-५९९/१३३, ईमेल- daotehrathum@gmail.com
वेबसाईट : www.daoterathum.moha.gov.np

छ. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क, कन्ट्रयाक ट्रेसिङमा परेका व्यक्तिहरुले नेपाल सरकारले निशुल्क व्यवस्था गरेको Antigen तथा PCR परिक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पताल र स्वास्थ्य कार्यालय, तेह्रथुमसँग सम्पर्क गरी परिक्षण गराउन अनुरोध गर्ने, भिडभाडबाट आफू र अरुलाई बच्न र बचाउन सतर्कता अपनाई स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने ।

ज. यस निर्णयको अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिसमूहलाई स्थानीय /संस्था/ प्रशासन ऐन, २०२८, संक्रामक रोग ऐन,२०२०, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ तथा प्रचलित कानून बमोजिम कारबांही हुने ।

२०७८।०५।२९
जयराज भण्डारी
प्रमुख जिल्ला अधिकारी